# मरिण गाउँपालिका

# मरिण गाउँकार्यपालिकाको कार्यालय

## कपिलाकोट, सिन्धुली

## वागमती प्रदेश, नेपाल

## आन्तरिक आय संकलनको लागि

# बोलपत्र फारम

**ठेक्काको विवरणः- ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् सङ्कलन तथा विक्री बितरण मरिण खोला**

**ठेक्का नं. MRM/Sindhuli/NCB/IR/01/2082-083**

**मरिण गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कपिलाकोट, सिन्धुली**
**वागमती प्रदेश, नेपाल**

## आन्तरिक आय तर्फको
## नदिजन्य पदार्थ उत्खनन, संकलन तथा विक्री शुल्क उठाउने ठेक्का वन्दोवस्त सम्वन्धी ३० दिने बोलपत्र आह्वान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०४/२२ गते)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा मरिण गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ (पहिलो संशेधन २०७९) एवं मरिण गाउँपालिकाको आर्थिक ऐन, २०८२
मा भएको व्यवस्था बमोजिम तपशिलमा उल्लिखित मरिण खोलाको स्वीकृत बिन्दुहरुबाट निर्धारित मापदण्ड बमोजिम IEE प्रतिवेदन अनुसार नदीजन्य पदार्थ उत्खनन् गरी बिक्री गर्न ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको शर्तहरुको अधिनमा रहि E-Bid मार्फत बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | उत्खनन् परिणाम ( घन मि.) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ .कर बाहेक) ने.रु. | धरौटी रकम ने.रु. | धरौटी खाता नं. | बोलपत्र दस्तुर ने.रु. | आन्तरिक राजश्व खाता नं. | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| **MRM/Sindhuli/NCB/IR/01/2082-083** | आन्तरिक आय व्यवस्था (मरिण खोलाबाट ढुङ्गा गिट्टी वालुवा उत्खनन तथा संकलन) | ६०,०००।०० | १,४८,३२,१७४।०० (प्रति घनमिटर को रु २४७.२०२९। को दरले) | ८,३८,०१८।०० | ग-३ १५३०१००३०३००००२ | ३०००।०० | ग-१-१ १५३०१००३०१०१०००२ | २०८२/०५/२० गते दिनको १२:०० बजे | २०८२/०५/२० गते दिनको ०२:०० बजे |

<u>प्रमुख प्रशासकीय अधिकृत</u>

शर्तहरु:

१. इच्छुक फर्म वा कम्पनीले २०८२/०५/२० गते दिनको १२ वजे भित्र नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र फारम दस्तुर बापत राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, कपिलाकोट, सिन्धुलीमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ग-१-१ १५३०१००३०१०१०००२ मा नगद रु ३०००।०० जम्मा गरेको भौचर, बोलपत्र जमानत, सो-घोषणा पत्र सहित बोलपत्र सम्वन्धी कागजात (Bid Document) मा नै Bill of Quantities भरी बो सही छाप गरी PDF format मा Scan गरी E-Bidding मार्फत सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np मा बोलपत्र पेश गर्न सक्नेछ ।

२. E-Bidding मार्फत पेश भएका वोलपत्रहरु मिति २०८२/०५/२० गते दिनको २ वजे कार्यालयका प्रतिनिधि, ठेकेदार वा निजको प्रतिनिधिहरुको रोहरबरमा गाउँपालिकाको कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

४. बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

५. बोलपत्रको साथ कम्तीमा नेरु. ८,३८,०१८।०० धरौटी बापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, कपिलाकोट, सिन्धुलीमा रहेको धरौटी खाता नं ग-३ १५३०१००३०३००००००२ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं र नाम उल्लेख गरी ठेक्का खोलिएको मिति देखि कम्तिमा १२० दिनको म्याद सहित जारी गरिएको वैक जमानत पेश गर्नु पर्नेछ ।

६. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

७. प्रि-बिड बैठक मिति २०८२/०५/०७ गते  दिनको १ बजे मरिण गाउँपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नेछ । उक्त दिन  विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही  समयमा हुनेछ ।

८. बोलपत्र सम्बन्धी  विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख  गरिएको हुँदा  सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न  सकिनेछ । म्याद नाघि, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहेनछ ।

९. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको मितिले १५ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत ४० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ। दोस्रो किस्ताबापत कवोल अङ्कको ६० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंक तथा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा २०८३ साल असार मसान्तसम्म म्याद सहित जारी गरिएको बैक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुने आउने जम्मा रकमको नियमानुसार थप १३%  भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार  नेपाल सरकारलाई  आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

१०. तोकिएको  म्यादिभत्र  पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरिनेछ ।

११. यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन्  क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मरिण गाउँपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा  अन्य प्रचलित कानून  वा मापदण्ड  बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन  प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

## नदीजन्य पदार्थहरु उत्खनन् घाटगद्दी र विक्री वितरण गर्ने शर्तहरु

१. उत्खनन् कार्य गर्दा कामदार सुरक्षा विमा सम्वन्धी व्यवस्था, न्युनतम ज्याला भुक्तानीको व्यवस्था ठेकेदार आफैले मिलाउनु पर्नेछ ।

२. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का वन्दोवस्त गरिनेछ ।

३. यस गाउँपालिका भित्रको नदि तथा खोलाहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, ढुङ्गा, गिट्टी, वालुवा, उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९, बागमती प्रदेश आर्थिक ऐन, २०८० तथा नदिजन्य निर्माण सामग्रीहरुको उपयोग सम्वन्धमा भएको प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन (IEE) एवं नेपाल सरकारवाट भएका निर्देशनहरु, वा उल्लेखित प्रावधान विपरित हुने गरी कार्य गर्न पाईने छैन ।

४. साथै यस कार्यालयवाट गरिएको प्रारम्भिक वातावरणीय षरिक्षण प्रतिवेदन, गाउ सभा तथा कार्यपालिकाका निर्णयहरु यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् । साथै नेपाल सरकारका अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

५. नदिजन्य पदार्थको उत्खनन् संकलन तथा विक्री वितरण कार्य तोकिएको स्थान वाहेक अन्य स्थानहरुवाट गर्न पाईनेछैन ।

६. अस्थायी ठेक्का चलनपूर्जी दिइने छैन । सम्झौता नगरी ठेक्का चलन गर्न पाईने छैन । समयमा सम्झौता नगरी ठेक्का चलनपूर्जी नलिएको कारणवाट कुनै किसिमको छुट र मिनाहा हुनेछैन ।

७. कर, दस्तुर, शुल्क आदि तोकीएको संकलन केन्द्रमा उठाउनुपर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाईनेछैन ।

८. कर, दस्तुर, शुल्कको दर लगायत अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । नेपाल सरकार वा स्थानिय तहलाई प्रचलित कानुन बमोजिम वुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सवै ठेकेदार स्वयंले सम्वन्धित निकायमा वुझाउनु पर्नेछ । सो वापत बुझाएको रकमलाई कवोल गरेको ठेक्का रकमवाट कट्टा गर्न पाईनेछैन ।

९. शुल्क उठाउने आवश्यक रसिदहरु गाउँपालिकावाट उपलव्ध गराउने र स्वीकृत गरिएको रसिदहरुमात्र प्रयोगमा ल्याउनु पर्ने अन्यथा प्रमाणित नगरिएको रसिदहरु प्रयोग गरिएको पाइएमा प्रचलित कानून वमोजिम कारवाही हुनेछ ।

१०. ठेक्का सम्झौता अन्त्य भएपछि आन्तरिक राजस्व कार्यालयबाट कर चुक्ता प्रमाणपत्र पेश गरेपछि मात्र ठेकेदारले पेश गरेको धरौटी रकम फिर्ता गरिनेछ । सम्मानित अदालत, नेपाल सरकार, मरिण गाउँपालिकाको निर्देशन तथा आदेशको पालना गर्नु गराउनु ठेकेदारको कर्तव्य हुनेछ । निर्देशन वा आदेशको पालनाको कारणवाट कुनै क्षति हानी नोक्सानी हुन गएमा क्षतिपूर्तिस्वरुप कुनै पनि रकम गाउपालिकासँग दावी गर्न पाईनेछैन ।

११. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेखित नभएका कुराहरुको हकमा स्थानिय सरकार सञ्चालन ऐन २०७४, ढुङ्गा, गिट्टी, वालुवा, उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ तथा नेपाल सरकारद्वारा कुनै आदेश वा निर्णय भएमा सोहि अनुसार हुनेछ ।

१२. ठेक्काको कर असुल गर्नुपर्ने दररेटको सूची तालिका र शर्तहरु सहितको होडिङ वोर्ड कर संकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देख्नेगरी राख्नु पर्नेछ ।

१३. ढुङ्गा, गिट्टी, वालुवा, उत्खनन् विन्दु र संकलन केन्द्र निम्न स्थानमा राख्नुपर्नेछ । तोकिएको स्थान वाहेक अन्य स्थानबाट उत्खनन गर्न पाइने छैन । तोकिएको क्षेत्रबाट उत्खनन वा संकलन नगरेमा कानुन वमोजिम कारवाही हुनेछ ।

उत्खनन गर्ने र संकलन केन्द्र राख्ने स्थान

| क्र .सं. | ठेक्काको किसिम | उत्खनन् तथा संकलन विन्दु एवं स्थान | उत्खनन् गरिने ठेक्का परिमाण (.मि.घ) | कैफियत |
|---|---|---|---|---|
| 1 | | मरिण खोला (1 उत्खनन् क्षेत्र) मरिण गाउँपालिकाजयमंगल ,07- 27.254734 अक्षांश 85.771578 देशान्तर | 10000 | |
| 2 | आन्तरिक आय ,ढुङ्गा) ग्राभेल ,बालुवा ,गिट्टी ,आदीको उत्खनन् संकलन तथा विक्री | मरिण खोला (2 उत्खनन् क्षेत्र) मरिण गाउँपालिकाबाह्रविसे ,07- 27.251111 अक्षांश | 11000 | |

| क्र .सं. | ठेक्काको किसिम | उत्खनन् तथा संकलन विन्दु एवं स्थान | उत्खनन् गरिने ठेक्का परिमाण (.मि.घ) | कैफियत |
|---|---|---|---|---|
| | वितरण | 85.741944 देशान्तर | | |
| 3 | | मरिण खोला (3 उत्खनन् क्षेत्र) मरिण गाउँपालिकाछाप ,06- 27.255145 अक्षांश 85.721130 देशान्तर | 6000 | |
| 4 | | मरिण खोला (4 उत्खनन् क्षेत्र) मरिण गाउँपालिका2-धमिले ,06- 27.267633 अक्षांश 85.695778 देशान्तर | 4000 | |
| 5 | | मरिण खोला (5 उत्खनन् क्षेत्र) मरिण गाउँपालिकाधमिले ,06- 27.267222 अक्षांश 85.681667 देशान्तर | 9000 | |
| 6 | आन्तरिक आय ,ढुङ्गा) ग्राभेल ,बालुवा ,गिट्टी ,आदीको उत्खनन् संकलन तथाविक्री वितरण | मरिण खोला (6 उत्खनन् क्षेत्र) मरिण गाउँपालिकाठुलोगर्दुवा ,02- 27.274194 अक्षांश 85.663938 देशान्तर | 10000 | |
| 7 | | मरिण खोला (7 उत्खनन् क्षेत्र) मरिण गाउँपालिकासखौरी ,02- | 6000 | |

| क्र.सं. | ठेक्काको किसिम | उत्खनन् तथा संकलन विन्दु एवं स्थान | उत्खनन् गरिने ठेक्का परिमाण (.मि.घ) | कैफियत |
|---|---|---|---|---|
| | | 27.274444 अक्षांश<br>85.646944 देशान्तर | | |
| 8 | | मरिण खोला (८ उत्खनन् क्षेत्र) मरिण गाउँपालिकामुङ्ग्रे ,02-<br>27.275542 अक्षांश<br>85.632577देशान्तर | 4000 | |
| जम्मा | | | 60000 | |

१४. आ.व. २०८२/०८३ को लागि तोकिएको नदिजन्य सामग्रीमा तोकिएको अवधि भन्दा पहिले तोकिएको परिमाण उत्खनन् भएको खण्डमा थप परिमाण उत्खनन् वा निकासी गर्न रोक लगाईनेछ । परिमाण पछि थपघट भएमा वा सो सम्वन्धी अन्य कुनै व्यवस्था भएमा सोही अनुसार हुनेछ । साथै तोकिएको समय भित्र निर्धारित परिमाण ठेकेदारले निकाल्न नसकेमा अर्को आर्थिक वर्षमा म्याद थप हुनेछैन ।

१५. नदिबाट उत्खनन गरेको परिमाणको लगत प्रत्येक महिनाको पहिलो साताभित्र अनिवार्य रुपले प्रमाणित गरी मरिण गाउँपालिकामा वुझाउनु पर्नेछ ।

१६. नदिवाट निर्माण सामग्रीहरु उत्खनन गर्दा वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरि कुनैपनि कार्य गर्न पाइनेछैन । अन्यथा प्रचलित कानून वमोजिम कारवाही हुनेछ ।

१७. ठेकेदारले यसमा भएका सम्पूर्ण शर्तहरु पुर्णरुपले पालना गर्नु पर्नेछ र सोको अनुगमन मरिण गाउँपालिकाको कार्यालयवाट हुनेछ । यस्तो अनुगमनवाट शर्त उल्लङ्घन भएको पाइएमा कार्यालयले ठेक्का तोड्न सक्नेछ । सो वाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र सो को क्षतिपूर्ति दिन कार्यालय वाध्य हुनेछैन ।

१८. नदिवाट निर्माण सामग्रीहरु उत्खनन र संकलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सास्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रकृयाहरु अवलम्वन गरि ढुङ्गा, गिट्टी, वालुवा आदि संकलन तथा ढुवानी गर्नुपर्नेछ ।

१९. निर्माण सामग्रीहरु उत्खनन गर्न नदीसम्म जाने वाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्नेछ । सो वापत लागेको खर्च गाउँपालिकामा दावी गर्न पाइनेछैन ।

२०. मुख्य मार्गवाट वोल्डर ग्राभेल वालुवा उत्खनन गर्ने स्थलसम्म जाने आउने वाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्वन्धित जग्गाधनीको मञ्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालयसँग समन्वय गरी ठेकेदारले निर्माण गर्नुपर्नेछ ।

२१. ठेकेदारले गाउँपालिकावाट निर्धारण भएको दररेट वमोजिम वाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर लिन पाइनेछैन र मरिण गाउँपालिकाको कार्यालयवाट प्रमाणित गरिए वाहेकको रसिदहरु प्रयोग गरी आय संकलन गर्न पाइनेछैन । यदि कुनै त्यस्तो अनधिकृत रकम असुल गरेको वा अनधिकृत रसिद प्रयोग गरेको तथ्य कार्यालयवाट अनुगमन हुदा वा अन्य कतैवाट भएको उजुरीउपर छानविन गर्दा देखिएमा कानून वमोजिम कारवाही हुनेछ ।

२२. यस सुचना वमोजिम सम्झौता भई ठेक्का चलानपुर्जी जारी गरिएपछि कुनै किसिमको मिन्हा माफि हुने छैन तर नेपाल सरकार वा सो मातहतको कुनै निकायवाट ठेक्का रोक्का वा वदर गर्ने निर्णय भएमा वाकी अवधिको दामासाहिले हुने रकम नेपाल सरकार वा रोक्का गर्ने निकायवाट सोधभर्ना भएमा राजश्व परामर्श समितिको सिफारिसमा गाउँ सभाको निर्णयानुसार मिन्हा माफी दिन सकिने छ ।

२३. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि २०८३ जेष्ठ मसान्त सम्म विहान ६:०० वजे देखि वेलुका ६:०० वजे सम्म मात्र उत्खनन एवं संकलन समय अवधि हुनेछ ।

२४. ठेकेदारले नियमानुसारको मुल्य अभिवृद्धी कर रकम उठाउन पाउनेछ ।

२५. ढुङ्गा गिट्टी वालुवाको उत्खनन/ संकलन गर्दा एक्साभेटर डोजर जस्ता भारी उपकरणहरुको प्रयोग गर्न पाइनेछैन तर विशेष परिस्थितिको सन्दर्भमा नदिजन्य पदार्थ गाउँपालिका, जिल्ला अनुगमन तथा समन्वय समितिको निर्णय वमोजिम हुनेछ ।

२६. चालु आर्थिक वर्षको तोकिएको अवधिभित्र उत्खनन गरेको निर्माण सामग्रीहरु २०८३ जेष्ठ मसान्त सम्म विक्रि वितरण गर्दा पनि मौज्दात वाँकी रहि नदीकिनार तथा सार्वजनिक जग्गामा भण्डारण गरिएको नदीजन्य पदार्थ गाउँपालिकाले जफत गरी लिलाम विक्रि गर्नेछ ।

२७. उत्खनन पश्चात काम नलाग्ने भनि छोडिएको निर्माण सामग्रीहरु जुन स्थलवाट निकालिएको हो सोहि स्थलमा लागि पूर्व अवस्थामा छोड्नु पर्नेछ । नदीको धार वदलिने गरि उत्खनन गर्न पाइनेछैन ।

२८. निर्माण सामग्री उत्खनन गर्ने कार्यमा संलग्न हुने कर्मचारी/कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलव्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उत्खनन तथा विक्रि प्रवन्ध मिलाउनु पर्नेछ ।

२९. ठेकेदारका कर्मचारी तथा कामदारहरुको कारण वातावरणमा कुनै प्रतिकुल प्रभाव नपर्ने गरि कार्य गर्ने व्यवस्था ठेकेदारले नै मिलाउनुपर्नेछ । साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि विमा गर्ने गराउने दायित्व ठेकेदार स्वयंको हुनेछ ।

३०. उत्खनन् संकलन तथा विक्री वितरणमा वालश्रमको प्रयोग गर्नु हुदैन ।

३१. यस सुचना बमोजिम हुने ठेक्का सम्झौताको अवधी सम्झौताको शर्तहरुमा तोकिए बमोजिम हुनेछ ।

३२. स्वीकृत प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदनमा उल्लेख भएका वातावरणिय प्रभाव न्युनिकरणका उपायहरुको पुर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन् तथा विक्री वितरण गर्नुपर्नेछ ।

३३. यसमा उल्लेख भएका कुराहरुमा सोहि वमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, ढुङ्गा, गिट्टी, वालुवा, उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, गाउँ सभा तथा कार्यपालिकाका निर्णयहरु र नेपाल सरकारका अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

३४. ठेक्का सम्झौताको ढाँचा नेपाल सरकारद्वारा स्वीकृत ढुङ्गा, गिट्टी, वालुवा, उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को अनुसूची-२ख बमोजीम हुनेछ ।

निर्माण सामाग्री उत्खनन् र घाटगद्दी:

मरिण गाउँपालिकाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) अनुसार प्रतिवेदनमा सिफारिस भए बमोजिम देहायका स्थानवाट निम्न वमोजिमको परिमाणमा ढुङ्गा, गिट्टी एवं वालुवा उत्खनन् र तोकिएको स्थानमा घाटगद्दी गरि बिक्री वितरण गर्नुपर्नेछ ।

| क .सं. | ठेक्काको किसिम | उत्खनन् तथा संकलन विन्दु एवं स्थान | उत्खनन् गरिने ठेक्का परिमाण (.मि.घ) | खोलाजन्य पदार्थ | घाट गद्धी गर्ने स्थान |
|---|---|---|---|---|---|
| 1 | आन्तरिक आय ,गिट्टी ,ढुङ्गा) ग्राभेल ,बालुवा आदीको ,उत्खनन् संकलन तथा विक्री वितरण | मरिण खोला उत्खनन्) क्षेत्र (1<br>मरिण गाउँपालिका ,07-जयमंगल<br>27.254734 अक्षांश<br>85.771578 देशान्तर | 10000 | ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल | नदी किनारको उपयुक्त स्थान |
| 2 | | मरिण खोला उत्खनन् ) (2 क्षेत्र<br>मरिण गाउँपालिका ,07-बाहविसे<br>27.251111 अक्षांश<br>85.741944 देशान्तर | 11000 | ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल | नदी किनारको उपयुक्त स्थान |
| 3 | | मरिण खोला उत्खनन् ) (3 क्षेत्र<br>मरिण गाउँपालिका ,06-छाप<br>27.255145 अक्षांश | 6000 | ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल | नदी किनारको उपयुक्त स्थान |

| क्र .सं. | ठेक्काको किसिम | उत्खनन् तथा संकलन विन्दु एवं स्थान | उत्खनन् गरिने ठेक्का परिमाण (.मि.घ) | खोलाजन्य पदार्थ | घाट गद्धी गर्ने स्थान |
|---|---|---|---|---|---|
| | | 85.721130 देशान्तर | | | |
| 4 | | मरिण खोला उत्खनन् ) (4 क्षेत्र<br>मरिण गाउँपालिका ,06-2-धमिले<br>27.267633 अक्षांश<br>85.695778 देशान्तर | 4000 | ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल | नदी किनारको उपयुक्त स्थान |
| 5 | | मरिण खोला उत्खनन् ) (5 क्षेत्र<br>मरिण गाउँपालिका ,06-धमिले<br>27.267222 अक्षांश<br>85.681667 देशान्तर | 9000 | ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल | नदी किनारको उपयुक्त स्थान |
| 6 | आन्तरिक आय ,गिट्टी ,ढुङ्गा) ग्राभेल ,बालुवा आदीको ,उत्खनन् संकलन तथा विक्री वितरण | मरिण खोला उत्खनन् ) (6 क्षेत्र<br>मरिण गाउँपालिका ,02-ठुलोगर्दुवा<br>27.274194 अक्षांश<br>85.663938 देशान्तर | 10000 | ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल | नदी किनारको उपयुक्त स्थान |
| 7 | | मरिण खोला उत्खनन् ) (7 क्षेत्र | 6000 | ढुङ्गा, गिट्टी, वालुवा, | नदी किनारको उपयुक्त |

| क्र .सं. | ठेक्काको किसिम | उत्खनन् तथा संकलन विन्दु एवं स्थान | उत्खनन् गरिने ठेक्का परिमाण (.मि.घ) | खोलाजन्य पदार्थ | घाट गद्दी गर्ने स्थान |
|---|---|---|---|---|---|
| | | मरिण गाउँपालिका ,02-सखौरी<br>27.274444 अक्षांश<br>85.646944 देशान्तर | | ग्राभेल | स्थान |
| 8 | | मरिण खोला उत्खनन् )(8 क्षेत्र<br>मरिण गाउँपालिका ,02-मुङ्ग्रे<br>27.275542 अक्षांश<br>85.632577देशान्तर | 4000 | ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल | नदी किनारको उपयुक्त स्थान |
| जम्मा | | | 60000 | | |

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू

मरिण गाँउ कार्यपालिकाको कार्यालय,

कपिलाकोट, सिन्धुली ।

बिषय: **बोलपत्र पेश गरेको ।**

महोदय,

सेवामा निवेदन यो छ की यस मरिण गाँउपालिकाको क्षेत्र भित्र रहेको मरिण खोलाबाट ढुङ्गा, गिट्टी एवं वालुवा आदी विक्री तथा निकासीमा कर संकलन गर्न आ.व.२०८२ /०८३ को लागि ठेक्का बन्देवस्त गर्ने सम्बन्धी बोलपत्र आह्वान सम्वन्धी गाँउपालिकाको कार्यालयको मिति २०८२।०४।२२ गते प्रकाशित भएको सूचना बमोजिम तपशिलमा लेखिए अनुसार रु.. .. .. .. .. .. .. अक्षरुपी.. .. .. .. .. .. .. ... .. .. .. .. .. .. .. .. ..मा ठेक्का लिने मन्जुरी भएकोले धरौटी वापत रु .. .. .. .. .. .. .. .. .. .. .. .. .. को बैक भौचर यसै साथ संलग्न राखी बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखि ९० दिन मान्य रहेको वोलपत्र दाखिला गरेको छु।

**तपशलि**

| क्र. सं. | ठेक्काको नाम | ठेक्का नं. | अवधि | कवोल अङ्क (मू.अ. कर बाहेक) | अक्षरुपी | धरौटी | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | आन्तरिक आय व्यवस्था (मरिण खोलाबाट ढुङ्गा गिट्टी वालुवा उत्खनन तथा संकलन) | **MRM/Sindhuli/NCB/IR/01/2082-083** | सम्झौता भएको मिति देखि २०८३ जेष्ठ मसान्त सम्म) | | | | |

<u>निवेदक</u>

फर्मको नाम :-

सर्म्पक नं. :-

प्रतिनिधी / प्रोपराईटरको नाम :-

ईमेल :-

ठेगाना :-

मिति :-

दस्तखत :-

फर्मको छाप :-

## Bid Security (Bank Guarantee)

Whereas, [name of Bidder] (hereinafter called "the Bidder") has submitted his bid dated [date] for the construction of [name of contract] (hereinafter called "the bid").

Know all people by these presents that we [name of Bank] of [name of country] having our registered office at [address] (hereinafter called "the Bank") are bound unto [name of Employer] (hereinafter called "the Employer") in the sum of [amount][1] for which payment well and truly to be made to said Employer, the Bank binds itself, its successor, and assigns by these presents.

Sealed with the Common Seal of the said Bank this [day] of [month], [year].

The conditions of this obligation are:

(1) If, after bid opening, the Bidder withdraws his bid during the period of bid validity specified in the Form of bid ;or

(2) If the Bidder having been notified of the acceptance of his bid by the Employer during the period of bid validity:

a) fails or refuses to execute the Form of Agreement in accordance with the instructions to Bidder, if required; or

b) fails or refuses to furnish the Performance Security, in accordance with the Instruction Bidders, or

b) does not accept the correction of bid,

we undertake to pay to the Employer up to the above amount upon receipt of his first written demand, without the Employer's having to substantiate his demand, provided that in his demand the Employer will note that the amount claimed by him is due to him owing to the occurrence of one or any of the three conditions, specifying the occurred condition or conditions.

---

[1] The Bidder should insert the amount of the Guarantee in words and figures denominated in Nepali Rupees. This figure should be same as shown in Clause 13 of the Instructions to Bidders.

This Guarantee will remain in force up to and including the date [number] days[2] after the deadline for submission of bids as such deadline is stated in the Instructions to the Bidders or as it may be extended by the Employer, notice of which extension(s) to Bank is hereby waived. Any demand in respect of this Guarantee should reach the Bank not later than the above date.

Date____________________ Signature of the Bank

_____________________________________

Witness _____________________________Seal _____________________________________

[signature, name, and address]

## Performance Bank guarantee

To: [name and address of Employer]

Whereas [name and address of contractor] (hereinafter called "the contractor") has undertaken, in pursuance of Contract No. [number] dated [date] to execute[name of Contract and brief description of Works] (hereinafter called"the Contract");

And whereas it has been stipulated by you in the said Contract that the contractor shall furnish you with a Bank Guarantee by a recognized bank for the sum specified therein as security for compliance with his obligations in accordance with the Contract;

And whereas we have agreed to give the contractor such a Bank Guarantee;

Now therefore we hereby affirm that we are the Guarantor and responsible to you, on behalf of the contractor, up to a total of [amount of Guarantee] [amount in words][3] such sum being payable in the types and proportions of currencies in which the Contract price is payable, and we undertake to pay you, upon your first written demand and without cavil or argument, any sum or sums within the limits of [amount of Guarantee][4] as aforesaid without your needing to prove or to show grounds or reasons for your demand for the sum specified therein.

[2] Usually 30 days after the end of the validity period of the bid. The date should be inserted by the Employer before the bidding documents are issued.

[3] An amount is to be inserted by the Guarantor, representing the percentage of the Contract Price specified in the Contract, and denominated in Nepalese Rupees.

[4] The Unconditional (or "On-Demand") Bank Guarantee has the merit of simplicity and of being universally known and accepted by commercial banks. The contracting Community, however, strongly objects to this type of Security because the Guarantee can be called (or threatened to be called) by Employers without justification. Employers should recognize the contractual conditions governing no performance by the contractor and should normally act only on the advice of the Project manager in calling a Performance Guarantee.

We hereby waive the necessity of your demanding the said debt from the contractor before presenting us with the demand.

We further agree that no change or addition to or other modification of the terms of the Contract or of the Works to be performed there under or of the Contract documents which may made between you and the contractor shall in any way release us from any liability under this Guarantee, and we here waive notice of any such change, addition, or modification.

This Guarantee shall be valid for at least 60 days beyond the date of issue of defects Liability Certificate.

Signature and seal of the Guarantor :

कार्यपालिकाको
कपिलाकोट,
बागमती प्रदेश, नेपाल
२०७३


Address : Date


**Location Plan**





EXTRACTION POINT 2
MARIN RURAL MUNICIPALITY 7 BARHA BISE
Legend
EXTRACTION POINT
EXTRACTION POINT 2 BARABISE
H09
EXTRACTION POINT 2 BARABISE
NT 3 CHHAP
Google Earth
Image © 2025 Maxar Technologies
N
800 m


EXTRACTION POINT 3,4 AND 5
MARIN RURAL MUNICIPALITY 7 CHHAP AND DHAMILE
Legend
EXTRACTION POINT
EXTRACTION POINT 3 CHHAP
EXTRACTION POINT 4 DHAMILE 2
EXTRACTION POINT 5 DHAMILE
EXTRACTION POINT 5 DHAMILE
EXTRACTION POINT 4 DHAMILE 2
EXTRACTION POINT 3 CHHAP
Google Earth
Image © 2025 Maxar Technologies
N
400 m


EXTRACTION POINT 6,7 AND 8
MARIN RURAL MUNICIPALITY 2 GARDUWA, SAKHAURI AND MUNGRE
Legend
EXTRACTION
EXTRACTION POINT 6 THULO GARDHUWA
EXTRACTION POINT 7 SAKHAURI
EXTRACTION POINT 8 MUNGRE
EXTRACTION POINT 8 MUNGRE
EXTRACTION POINT 7 SAKHAURI
EXTRACTION POINT 6 THULO GARDHUWA
H09
Google Earth
Image © 2025 Airbus
Image © 2025 Maxar Technologies
N
1 km